नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार १५ गते, २०७७ साल (अतिरिक्ताङ्क १९

भाग २

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. ९

केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्न बनेको ऐन

प्रस्तावना: केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्न वाञ्छनीय भएकोले,

संङ्घीय संसदले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>खारेजीः</u> केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७ खारेज गरिएको छ।

३. <u>साविकको व्यवस्था जागेको मानिनेः</u> दफा २ बमोजिमको अध्यादेशले जगाएको देहायको ऐनको साविकको व्यवस्था सो अध्यादेश जारी भएको मिति २०७७ साल वैशाख १२ गते देखी नै जागेको मानिनेछ।

(क) संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६

(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३।

आज्ञाले,
ऋषि राजभण्डारी
नेपाल सरकारको सचिव।

प्रमाणीकरण मितिः २०७७।३।१५

मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित। मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३